## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ५२ औं मिति : २०८२/०३/३१

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको निर्णयको कार्यान्वयनको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. १** :मिति :२०८२ असार १० गते मंगलबारका दिन भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. २**

हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

'माङसेबुङ गाउँपालिकाको आ. व. २०८२/०८३ को विनियोजन विधेयक २०८२ र आर्थिक विधेयक २०८२ अनुमोदनको लागि गाउँसभाको अधिवेशनमा पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं. ३**

मितिः २०८२/३/१० गते बसेको गाउँसभाको १७ औं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत आ.व. ०८२/८३ को बजेट तथा कार्यक्रमको पूरक अंगको रुपमा रहेको माङसेबुङ गाउँपालिकाको आ.व.०८२/८३ को विनियोजन विधयेक २०८२ र आर्थिक विधयेक २०८२ स्वीकृत गरी १७ औं अधिवेशनको दोस्रो बैठकमा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४**

विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४**

यस गाउँपालिका भित्रका निम्न बमोजिमका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) तयार गर्न परामर्श दाताहरुसँग सम्झौता भई सम्झौता बमोजिमको प्रतिवेदन प्राप्त भएको हुँदा उक्त प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

- सर्वशान्ती बुद्धविहार निर्माण माङसेबुङ-१
- किरात याकथुङचुम्लुङ पार्क निर्माण माङसेबुङ-१
- रतुवा खोला पक्की पुल निर्माण माङसेबुङ-३ र ६
- फाल्गुनन्द पार्क निर्माण माङसेबुङ-६
- किरात सेवा साम्बा भवन निर्माण माङसेबुङ-५

**प्रस्ताव नं. ५**

माङसेबुङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

**बैठक संख्या : ५२ औं** **मिति : २०८२/०३/३१**

**निर्णय नं. ५**

माङसेबुङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण ( O&M ) प्रतिवेदन २०८२ तयार भई स्वीकृतिको लागि पेश भएको र प्रतिवेदन अध्ययन गर्दा उपयुक्त देखिएकोले पेश भए बमोजिम स्वीकृत गरी अनुमोदनको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६**

माङसेबुङ गाउँपालिकाको मध्यकालीन खर्च संरचना प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. ६**

माङसेबुङ गाउँपालिकाको मध्यकालीन खर्च संरचना( MTEF ) प्रतिवेदन २०८२ तयार भई स्वीकृतीको लागि पेश भएको र प्रतिवेदन अध्ययन गर्दा उपयुक्त देखिएकोले पेश भए बमोजिम स्वीकृत गरी अनुमोदनको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७**

तह वृद्धि सम्बन्धमा ।

**निर्णय नं. ७**

माङसेबुङ गाउँपालिकाको तह वृद्धि सिफारिश समितिको मिति:२०८२/३/१८ गते बसेको बैठकबाट तपशिल बमोजिमको कर्मचारीहरुको तपशिल बमोजिम तह वृद्धिको लागि सिफारिस भई आएको हुँदा स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन २०८० बमोजिमको जेष्ठता कायम हुने गरी सिफारिस भई आए बमोजिम तह वृद्धि गर्ने निर्णय गरियो ।

**तपशिल:**

- बुद्धि प्रसाद खतिवडा अधिकृत स्तर आठौं
- कमल बहादुर चौहान अधिकृत स्तर छैठौं
- युवराज खनाल अधिकृत स्तर छैठौं
- उमेश खत्री अधिकृत स्तर छैठौं

**प्रस्ताव नं. ८**

सरुवाका लागि अनुरोध गर्ने सम्बन्धमा ।

**निर्णय नं. ८**

यस माङसेबुङ गाउँपालिकामा कार्यरत असिष्टेन्ट सब ईन्जिनियर श्री माधव अधिकारी विदा स्वीकृत नगराई बारम्वार कार्यलयमा अनुपस्थीत रहने, कार्यलय समयमा समेत बारम्बार मादक पदार्थ सेवन गरी कार्यलयमा आउने, आफूलाई तोकिएको जिम्मेवारी पूरा नगर्ने, मादक पदार्थ सेवन गरी कार्यलयका कर्मचारी तथा स्थानीय व्यक्तिहरुसँग समेत झैझगडा गर्ने, कार्यलयको तर्फबाट पटक पटक स्पषटीकरण सोधेर सचेत गराउँदा र वेलाबेलामा स्थानीय प्रहरी चौकीलाई नियन्त्रण गर्न लगाई सम्झाई बुझाई गर्दा गराउँदा समेत निजको व्यवहारमा कुनै सुधार नआएको र यस प्रकारको खराब आचरण भएको कर्मचारीलाई कार्यालयमा राखी राख्दा कार्यलयको कार्यवातावरणमा नै नकारत्मक असर पर्न गएको कारण निजलाई यस कार्यलयमा राख्न उपयुक्त

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

नदेखिएकोले स्थानीय सरकारी सेवा ( गठन तथा संचालन ) ऐन २०८० को दफा २४ को उपदफा ४ बमोजिम निजलाई कुनै अर्को स्थानीय तहको सोही पदको रिक्त दरबन्दीमा सरुवा गरीदिनहुन मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कोशी प्रदेश विराटनगरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९**

विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि विद्यालय छनौट गर्ने सम्बन्धमा ।

**निर्णय नं. ९**

आगमी आ.व. २०८२/८३ को लागि संघीय सशर्त अनुदान अन्तर्गत स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक पूर्वाधार निमार्णको लागि रु १,२०,००,०००।- अनुदान प्राप्त भएको र उक्त रकममा गाउँपालिकाले लागत साझदारी गर्नुपर्ने रकम समेत थप गरी तपशिल बमोजिमका विद्यालयहरुलाई पूर्वाधार निर्माणको लागि प्रति विद्यालय रु २५,००,०००।- का दरले अंनुदान उपलब्ध गराउने निर्णय गरियो ।

- वरभंज्याङ आ.वि माङसेबुङ १
- मंडिका आ.वि माङसेबुङ १
- इभाङ आ.वि माङसेबुङ २
- जनकल्याण आ.वि माङसेबुङ ३
- सरस्वती आ.वि माङसेबुङ ४
- चण्डेश्वरी आ.वि माङसेबुङ ६

**प्रस्ताव नं. १०**

प्राविधिक सहायक र रोजगार सहायकको सेवा करार अवधि थप गर्ने सम्वन्धमा ।

**निर्णय नं. १०**

प्रधानमंत्री रोजगार कार्यक्रम अन्तर्गत यस कार्यालयमा १ जना प्राविधिक सहायक र १ जना रोजगार सहायक कार्यरत रहेकोमा श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय,प्रधानमंत्री रोजगार कार्यक्रमको मिति:२०८२/२/१, च.नं. ४१९ को पत्रबाट युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको समयावधि २०८२ असार मसान्तमा समाप्त हुने भएको कारण हाल कार्यरत प्राविधिक सहायक र रोजगार सहायकको हकमा माग आवश्यकताका आधारमा सम्बन्धित स्थानीय तहबाट नियमानुसार जनशक्ति व्यवस्थापन गर्नुहुन मा.मन्त्रीस्तरको मिति:२०८१/१/३१ को निर्णयानुसार अनुरोध छ भनी लेखी आएको र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालीत कार्यक्रमहरु संचालन गर्नको लागि उक्त जनशक्ति आवश्यक भएको हुँदा उक्त कार्यक्रम अन्तर्गत हाल कार्यरत प्राविधिक सहायक चन्द्र बहादुर कार्की र रोजगार सहायक सुरेश राईको सेवा करार अवधि २०८२ साल साउन १ गतेदेखि लागू हुने गरी हाललाई ६ महिनाको लागि थप गर्ने र निजहरुलाई साविक बमोजिमकै पारिश्रमीक सेवा करार शुल्क शीर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ५२ औं मिति : २०८२/०३/३१

**प्रस्ताव नं. ११**

निकासी कर संकलनको लागि न्यूनतम ठेक्का अंक निर्धारण गर्ने सम्बन्धमा ।

**निर्णय नं. ११**

आगामी आ.व. २०८२/८३ मा यस गाउंपालिका क्षेत्रबाट बाहिर निकासी हुने नगदे बाली,वन पैदावार,तेलहन,दलहन,तरकारी फलफूल,पशुपंक्षी लगायतका वस्तुहरुबाट निकासी कर संकलन गर्ने प्रयोजनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने हुँदा उक्त ठेक्काको लागि रु ११,२०,०००।-(मु.अ.कर बाहेक) न्यूनतम ठेक्का अंक निर्धारण गरी प्रचलित कानून बमोजिम ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२**

संघीय खानेपानी मंत्रालयसँग गाडी माग गर्ने सम्बन्धमा ।

**निर्णय नं. १२**

यस माङसेबुङ गाउँपालिका सँग १ थान मात्र चारपाङग्रे गाडी रहेको र उक्त १ थान गाडी कार्यालयको विभिन्न काममा प्रयोग गर्नुपर्ने र गाउँपालिका बाट संचालीत विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा समेत प्रयोग गर्नुपर्ने भएको कारण काममा कठिनाइ भइरहेकोले गाउँपालिकाबाट संचालीत विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन निरिक्षण गर्ने काममा प्रयोग गर्ने गरी नेपाल सरकार खानेपानी मंत्रालय सँग यस गाउपालिकालाई १ थान चार पाङग्रे गाडी उपलब्ध गराई सहयोग गरिदिनहुन अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३**

रिदम राईलाई थप आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. १३**

माङसेबुङ गाउँपालिका वडा नं. २ बस्ने महाप्रसाद राईको नाति विवश राई र इन्दिरा राईको १६ महिनाको छोरा रिदम राई गाईको लागि पकाएको तातो खोलेमा परी जलेर सख्त घाइते भई हाल कीर्तिपुर अस्पताल काठमाण्डौंमा उपचाररत रहेकोमा निजको परिवारको कमजोर आर्थिक अवस्थाको कारण आर्थिक अभाव भई उपचारमा समेत समस्या भएको हुँदा निजको परिवारलाई उपचारको लागि थप रु १,००,०००।- ( एक लाख ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १४**

तह मिलान गर्ने सम्बन्धमा ।

**निर्णय नं. १४**

माङसेबुङ गाउँपालिकाको कार्यालयमा अधिकृतस्तर छैठौं तहको सूचना प्रविधि अधिकृत पदमा कार्यरत श्री ई. ओम प्रकाश खड्काले अधिकृतस्तर सातौं तहमा तह मिलान गरिपाऊँ भनी मितिः २०८२/०३/३१ मा निवेदन दिनुभएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

सवलीकरण कार्यक्रम( PLGSP ) समन्वय इकाइ सिंहदरबार काठमाण्डौंको च.नं. २४२ मिति: २०८१/११/२३ को परिपत्र अनुसार निजको निवेदन बमोजिम अधिकृतस्तर सातौं तहमा तह मिलान गर्न सकिने देखिएको हुँदा मिति: २०८२/०४/०१ देखि लागू हुने गरी अधिकृतस्तर सातौं तहमा तह मिलान गरी सो बमोजिमको सेवा तथा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १५**

भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्यान्वयन निर्देशिका २०७५ मा संशोधन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १५**

माङसेबुङ गाउँपालिकाको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्यान्वयन निर्देशिका २०७५ मा भएका केही व्यवस्थाहरु संशोधन गर्न आवश्यक देखिएको हुँदा तपशिल बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

**तपशिल:**

- कार्यविधिको दफा ८.१ को (क) मा उल्लेखित स्नातक वा सो सरहको सट्टा प्रविणता प्रमाण तह वा कक्षा १२ वा सो सरह भन्ने शब्द राख्ने ।
- कार्यविधिको दफा १०.१ को (क) मा उल्लेखित प्रविणता प्रमाण पत्र वा कक्षा १२ वा सो सरहको सट्टा एस.इ.इ वा सो सरह भन्ने शब्द राख्ने ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : दिलशेर राई*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

दिलशेर राई
प्रमुख प्रशासकीय अधि